☎:०१-६६१९६२५

# सूर्यविनायक नगरपालिका
# Suryabinayak Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल
Katunje, Bhaktapur, Bagmati Province, Nepal

पत्र संख्या: २०७७/२०७८
चलानी नं.: १५१८
मितिः २०७७/११/०४

श्री वडा कार्यालय सबै,
सूर्यविनायक नगरपालिका ।

विषयः न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने सम्बन्धमा।

प्रस्तुत विषयमा नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प.सं ७७/७८ च.नं. PMEP/२५८ मिति २०७७/१०/२५ को प्राप्त पत्रानुसार प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०७८/६९ का लागि न्यूनतम रोजगारीमा संलग्न हुनको लागि बेरोजगार व्यक्तिले निवेदन दिन सक्ने समयावधि मिति २०७७/१०/२२ को नेपाल सरकार (मा. मन्त्रीस्तर) को निर्णय बमोजिम २०७७ फागुन मसान्तसम्म भएकोले सो सम्बन्धी निवेदन दिने बारेको सूचना १ प्रति र निवेदनको ढाँचा १ थान यसै पत्र साथ पठाइएको छ। साथै पुरानो सूचीकृत व्यक्तिले निवेदनमात्र दिनुहुन जानकारी गराउदछु। उक्त सूचनाको अवधि समाप्त भएको मितिले ७ (सात) दिन भित्र तहाँ कार्यालयमा दर्ता भएका निवेदनहरुको देहाय बमोजिमको ढाँचामा विवरण भरी सक्कलै फाराम रोजगार सेवा केन्द्रमा पठाइदिनु हुन अनुरोध छ ।

| क्र.स. | नाम, थर | बुबाको नाम | आमाको नाम | जन्म मिति | नागरिकता नं. | जारी मिति | वडा नं. | फोन नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |

बोधार्थः
श्री सूचना प्रविधि शाखाः  वेवसाइटमा प्रकाशित गरिदिनु हुन ।

.......................
(कमल ज्ञवाली)
प्रमुख प्रशासकीय अधिकृत

कमल ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

☎:०१-६६१९६२५

# सूर्यविनायक नगरपालिका
# Suryabinayak Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल
Katunje, Bhaktapur, Bagmati Province, Nepal

पत्र संख्या: २०७७/२०७८
चलानी नं.: १५९६

मितिः २०७७/११/०४

विषयः २०७८/७९ का लागि बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धी सूचना ।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५, सो को नियमावली तथा रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (पहिलो संशोधन, २०७७ सहित) बमोजिम अगामी आ.व. ०७८/७९ मा न्यूनतम रोजगारीमा आवद्ध हुन इच्छुक १८-५९ वर्ष उमेर समूहका बेरोजगार व्यक्तिले आफू स्थायी बसोबास गरेको स्थानीयतहको सम्बन्धित वडा कार्यालयमा मिति २०७७ फागुन महिना भित्रमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालय, सूर्यविनायक नगरपालिकाको रोजगार सेवा केन्द्र तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट निःशुल्क प्राप्त गर्न सकिनेछ।

प्रधानमन्त्री रोजगार कार्यक्रमको सोच विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन न्यूनतम रोजगारी प्रदान गरी सहयोग पुऱ्याउने भएकोले सोही बमोजिमका व्यक्तिहरुलाई निवेदनको लागि अनुरोध गरिन्छ। साथै सूचीकरणको लागि निवेदन दिदा निवेदक र निजका परिवारको यथार्थ र निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भर्नुहुन समेत अनुरोध गरिन्छ।

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
२. स्थायी बसोबास खुल्ने कागजात बसाईसराई अथवा विबाह दर्ता प्रमाणपत्रको प्रतिलिप
३. पासपोर्ट साइजको फोटो- थान १
४. फारामको १४ नं. अनुसारको पारिवारिक विवरण अनिवार्य भर्ने।
५. यदि निवेदक वैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वकृती लिइ वैदेशिक रोजगारीमा जान नपाएको व्यक्ति भएमा देश................. पासपोर्ट नं. ............... विदेशमा गरेको कामसंग सम्बन्धित सीप................ ..............................फारममा अनिवार्य उल्लेख गर्ने ।

.......................

(कमल ज्ञवाली)
प्रमुख प्रशासकीय अधिकृत

कमल ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत